UNIVERSITY OF CAMBRIDGE INTERNATIONAL EXAMINATIONS
General Certificate of Education Ordinary Level

**NEPALI** **3202/01**

Paper 1 Essay, Translation and Comprehension **May/June 2007**

**3 hours**

Additional Materials: Answer Booklet/Paper

*3611393347*

**READ THESE INSTRUCTIONS FIRST**

If you have been given an Answer Booklet, follow the instructions on the front cover of the Booklet.
Write your Centre number, candidate number and name on all the work you hand in.
Write in dark blue or black pen.
Do not use staples, paper clips, highlighters, glue or correction fluid.

Answer **all** questions.

At the end of the examination, fasten all your work securely together.
The number of marks is given in brackets [ ] at the end of each question or part question.

This document consists of **5** printed pages and **3** blank pages.

SP (NF/TL) T36197/1
© UCLES 2007

UNIVERSITY of CAMBRIDGE International Examinations

**[Turn over**

www.theallpapers.com

## Section A – Composition

1 Write in **Nepali** two compositions of about **150** words. You may choose any two subjects from the following:

**(a)** Write the story of how you escaped a landslide that threatened your village.
जुन पहिरोबाट तपाईको गाउँलाई खतरा पुगेको थियो तपाई त्यसबाट कसरी बच्नुभयो लेख्नुहोस् ।

**(b)** Describe one Nepali festival.
कुनै एक नेपाली चाडको बारेमा वर्णन गर्नुहोस् ।

**(c)** Compare the east and the west of Nepal.
नेपालको पूर्व र पश्चिम क्षेत्रको बारेमा तुलनात्मक बर्णन गर्नुहोस् ।

**(d)** Is it possible for Nepal to survive without foreign aid? Discuss.
के विदेशी सहयोगविना नेपाल बाँच्न सक्छ ? छलफल गर्नुहोस् ।

**(e)** If I were the Prime Minister of Nepal, I would …
म नेपालको प्रधानमन्त्री भएको भए म ......

[25 × 2]

© UCLES 2007

www.theallpapers.com

## Section B – Translation

**2** Translate into **English**:

धेरै पहिले मानपुरको गाउँमा एकजना गरीब माग्ने बस्थ्यो जो मागेर जीविका चलाउँथ्यो। एकदिन ऊ आफूले मागेको एकमुठी मकै झोलामा हालेर घर फर्कँदै गर्दा उसले त्यहाँको बाटो छेकेर अर्को भिखारी पनि कराई कराई मागिरहेको देख्यो। वास्तवमा त्यो व्यक्ति भिखारी नभएर माग्नेको परीक्षा लिन गएको ईश्वर थियो। माग्नेले भिखारीसंग 'म पनि माग्ने नै हुँ, जोगीको घरमा सन्यासी पाहुना आएर के पाइन्छ ?' भनेर भन्यो। भिखारीले झन् रोइ कराइ गरेर भन्न थाल्यो - 'हजुर पाँच दिन देखि केही खाएको छैन, त्यो झोलामा भएको अन्न मलाई पनि दिनुहोस्।'

यसरी निकै विन्ती गरेको देखी माग्नेले भिखारीलाई आफ्नो झोला भित्रबाट एउटा मकैको गेडो निकालेर दिएपनि घर नपुग्दासम्म उसलाई चिन्ता भइरह्यो। घर पुग्नेबित्तिकै उसले श्रीमतीलाई 'ए बुढी, खोइ एउटा थाल लिएर आइज त ' भनेर भन्यो। उसकी श्रीमतीले ल्याइदिएको थालमा झोलाबाट मकैका गेडा खन्याउँदै गर्दा उसले एउटा सुनको चम्किलो मकै देख्यो र छक्क पर्‍यो। ऊ एकाएक करायो - 'हे भगवान ! मैले कति ठूलो भूल गरेछु, किन मैले सबै मकै भिखारीलाई दिइन ?' त्यो सुनको गेडो भिखारीलाई गरेको दयाको फल हो भन्ने कुरा उसले बुझिसकेको थियो।

[10]

© UCLES 2007

www.theallpapers.com

**3** Translate into **Nepali**:

A group of teenagers is practicing a dance on a lawn. Their movements are fluid and in perfect harmony with a song coming from a CD player. But the dancers are all deaf. The music is only for the benefit of their instructor, Sarah. As a test, she turns the music off. The dancers can't tell the difference and keep dancing. The only sound is their breathing and the shuffling of feet on the grass. They are dancing from memory.

Sarah is a news reader on the Nepalese radio. However, few people know that she is dedicated to helping people with hearing problems. While she lived in India with her husband a couple of years ago, she decided to learn sign language. Later, she worked on a project to find work for people with hearing problems in Bangalore.

After Sarah and her husband decided to move back to Nepal, she tried to find out how she could help. But first she had to learn the Nepali sign language, which is different from the sign language she learned in India.

[20]

© UCLES 2007

www.theallpapers.com

## Section C – Comprehension

Read through the passage below carefully, and then answer, in **Nepali**, the questions that follow, using your own words as far as possible.

चामेकी स्वास्नी गौँथली साह्रै मुखाली थिई । राम्रा मुखले बोल्यो भने पनि बाँगा बाँगा कुरा झिकेर निहुँ खोज्थी । दुई चार दिन विराएर सधैं लोग्ने-स्वास्नीको झगडा हुन्थ्यो ।

एक दिन बेलुकी चामे हलो जोतेर आएको, गौँथली दैलो अग्ल्याएर गाउँमा बिहा हेर्न गएकी रहिछ । दिनभरि जोतेर आएको भोकले लखतरान थियो । हलो जुवा कान्लामा ठड्याएर गोरु बाँध्न लागेको थियो मास्तिरबाट गौँथली आइपुगी । गौँथलीलाई देखेर चामे रिसले भुतुक्क भयो । भात पकाउनु त परै जावस् यसबेला सम्म अगेनामा आगो पनि फुकेको थिएन । हत्त र पत्त दैलो उघारेर गौँथली पँधेरातिर हिँडी । चामे अगेनामा आगो सल्काएर तमाखु भर्न लाग्यो ।

दर्कन दर्कन लागेको बादल झैं चामे पिँढीमा धुम्धुम्ती बसेर तमाखु खान लागेको थियो; गौँथली काखीमा गाग्री चेपेर आइपुगी । गौँथली ढोका भित्र पस्न लागेकी थिई, 'राँड, दिनभरि जन्तीसँग आँखा झिम्क्याएर बसी, यति बेला स्वाङ पार्छे' भनेर एक लात हिर्कायो । गौँथली ढुनमुनिन्दै संघारमा लडी । गाग्रो फुटेर, ढोकामा पानीको छताछुल्ल भो । गौँथली खबटाहरु आँगनतिर फ्याँक्न लागेकी थिई, 'मेरा घरमा एकछिन नबस् जहाँ जान्छेस् जा' भनेर चामेले फेरि गौँथलीको चुल्ठो समाएर घिसार्दै आँगनमा पु-यायो ।

अलिकति आफ्नो विराम थियो । त्यसो हुनाले पहिले लातले हान्दा सम्म त गौँथली केही बोलेकी थिइन, तर पछिबाट जब चुल्ठो समातेर घिसार्दै आँगनमा पु-यायो पनि गौँथलीले मुख छोडी 'कोर सल्केको हात, बाबु आमा राँडाराँडीका आँखा फुटेर कसाईका हातमा सुम्पे, यस्ता कङ्गाली मोराकी जोई भएर बस्नु भन्दा डुबेर मर्नु जाती' ।

'राँडले आफ्नो बाबु त खुब धनाढ्य छ भनि ठानेकी होली ! गाउँको हलो नजोते साँझ सबेर खान पुग्दैन, माइतीको धाक लगाउँछे ' भनेर एक लात फेरि कस्यो ।

गौँथली कंकला शब्द गरेर रुन लागी । गाउँका सारा केटाकेटीहरु तमाशा हेर्न कान्लामाथि आएका थिए, 'मोराहो, यहाँ केको रमिता छ र हेर्न आएका' भनेर चामेले लौरा लिएर लगा-यो । केटाकेटीहरु हाँस्दै मास्तिर भागे । गौँथली रुँदै थिई चामे पिँढीमा गुन्द्री ओछ्याएर सुत्यो ।

4 गौँथलीलाई देखेर चामे रिसले भुतुक्क हुनुको कारण केलाउनुस् । [4]

5 चामेको रिस कसरी छताछुल्ल भयो ? [6]

6 'यस्ता कङ्गाली मोराकी जोई भएर बस्नु भन्दा डुबेर मर्नु जाती' ।
सप्रसंग व्याख्या गर्नुहोस् । [4]

7 प्रस्तुत कथा नेपाली समाजमा कति यथार्थवादी छ ? आफ्नो विचार लेख्नुहोस् । [6]



www.theallpapers.com

**BLANK PAGE**



www.theallpapers.com

**BLANK PAGE**



www.theallpapers.com

**BLANK PAGE**

*Copyright Acknowledgements:*

Permission to reproduce items where third-party owned material protected by copyright is included has been sought and cleared where possible. Every reasonable effort has been made by the publisher (UCLES) to trace copyright holders, but if any items requiring clearance have unwittingly been included, the publisher will be pleased to make amends at the earliest possible opportunity.

University of Cambridge International Examinations is part of the Cambridge Assessment Group. Cambridge Assessment is the brand name of University of Cambridge Local Examinations Syndicate (UCLES), which is itself a department of the University of Cambridge.



www.theallpapers.com